# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित .

खण्ड ११ ] काठमाडौं, चैत्र ६ गते २०१८ साल [ अतिरिक्ताङ्क ४४

### सर्वोच्चअदालत

सर्वोच्च अदालतले श्री ५ को सरकारको स्वीकृति ली बनाएको तल लेखिए बमोजिमको सर्वोच्च अदालत (संशोधन) नियमावली, २०१८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

### सर्वोच्च अदालत (संशोधन) नियमावली, २०१८

सर्वोच्च अदालतमा मुद्दा मामिला धेरै अलमलिने भई मुद्दा मामिलाको अन्तिम निर्णय हुनमा गतिरोध भएकोले मुद्दा मामिलाको पर्छचोट छिटो छरितो गराउन सर्वोच्च अदालत नियमावली, २०१३ (यस पछि नियमावली भनिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०१३ (समय समयमा भएका संशोधनहरु सहित) को दफा १६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले बनाएको देहायको नियमावली श्री ५ को सरकारबाट स्वीकृत भएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो नियमावलीको नाम सर्वोच्च अदालत (संशोधन) नियमावली, २०१८ रहेको छ ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२, मूल नियमावलीको नियम ३३ मा संशोधन:– मूल नियमावलीको नियम ३३ को सट्टा देहायको नियम ३३ राखिएकोछ:–

३३. नियम ३१ र नियम ३२ बमोजिम फुल वा स्पेशल बेन्चबाट हेर्ने छिन्ने बाहेक यो नियम प्रारम्भ हुनुभन्दा अघि परी टुंगो लागिनसकेका र प्रारम्भ भएपछि पर्ने अरू सबै मुद्दा मामिला डिभिजन बेन्चले हेर्ने छन् । तर सर्वोच्च अदालत ऐनको दफा ११ अन्तर्गतको विषयलाई प्रधान न्यायाधीशले आवश्यक वा उचित सम्झेमा एकजना न्यायाधीशको बेन्च डिभिजन बेन्च वा फूल बेन्चबाट हेर्न गर्न पनि हुन्छ ।

३. मूल नियमावलीको नियम ३४ मा संशोधन:– मूल नियमावलीको नियम ३४ को सट्टा देहायको नियम ३४ राखिएको छ ।

३४. साधक रिपोर्ट र निवेदन पत्र एक जना न्यायाधीशको बेन्चबाट हेरी फछर्यौट गरिने छ ।

४. मूल नियमावलीको नियम ३५ मा संशोधन:– मूल नियमावलीको नियम ३५ को आखिरमा देहायका वाक्यहरू थपिएको छ:–

"कुनै मुद्दा मामिलालाई कुनै खास न्यायाधीशहरूको डिभिजन बेन्चमा सुम्पिसकेपछि सो मुद्दा मामिलाहरू सोही न्यायाधीशहरूको डिभिजन बेन्च बाट छिन्नुपर्छ । प्रधान न्यायाधीशले अनिवार्य देखेका अवस्थामा बाहेक अन्य न्यायाधीशहरूको डिभिजन बेन्चमा सार्न हुँदैन ।"

५, मूल नियमावलीको नियम ३७ मा सम्शोधन:– मूल नियमावलीको नियम ३७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ:–

(१) मुलुकका कुनै इलाकामा गै सो इलाकाका मुद्दा मामिलाहरू हेर्न छिन्न आवश्यक सम्झेमा सर्वोच्च अदालतले श्री ५ को सरकारको पूर्व स्वीकृति लिई एक वा एकभन्दा बढी न्यायाधीश खटाई पठाउन सक्छ । दौडाहा गई इजलास कायम हुनु अगावै सो इलाकाबाट हेर्नुपर्ने मुद्दा मामिलाहरूको छुट्टै कजलिष्ट रजिष्ट्रारले तयार गरी उचित समयमा त्यसबारे सूचना गर्नुपर्छ ।

६. मूल नियमावलीको नियम ६२ मा सम्शोधन:– मूल नियमावलीको नियम ६२ को प्रथम वाक्यमा "३५ दिन" भन्ने शब्दहरू उल्लेख भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "६० दिन" भन्ने शब्दहरू राखिएको छ ।

६७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७, मूल नियमावलीको नियम ६३ मा सम्शोधनः– मूल नियमावलीको नियम ६३ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएकोछः–

(४) उपनियम (१) (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिभिजन वेञ्चले गरेको फैसलामा अन्याय भएको वा गैर कानूनी भएको भन्ने प्रधान न्यायाधीशलाई लागेमा निजले त्यसरी अन्याय भएको वा गैर कानूनी भएको भन्ने आफूलाई लागेको कुरा उल्लेख गरी त्यसको निस्सा दिए फूल वेञ्चले एक पटकमात्र दोहोऱ्याउन हुन्छ । यो उपनियम प्रारम्भ हुनुभन्दा अघि एकजना न्यायाधीशको वेञ्च वा डिभिजन वेञ्चले फैसला गरेको तर दोहऱ्याइने भई टुंङ्गो लागिनसकेको वा यो उपनियम प्रारम्भ भए पछि दोहोऱ्याइने मुद्दा मामिलाहरू मध्ये पनि त्यसरी अन्याय भएको वा गैर कानूनी भएको भन्ने लगेको कुरा उल्लेख गरी त्यसको निस्सा प्रधान न्यायाधीशले दिए फूल वेञ्चले एक पटकमात्र दोहोऱ्याउन हुन्छ। त्यसको सम्बन्धमा उपनियम (१) (२) वा (३) बमोजिम छुट्टै कारवाइ हुनेछैन ।

८. मूल नियमावलीमा थपः– मूल नियमावलीको नियम १५६ पछि देहायको नियम १५७ राखिएको छ ।

१५७,२०१८ साल वैशाख १ गते अघि परेको छिन्न बाँकी रहेका मुद्दाहरू बक्यौता फाँट कायम गरी माथि लेखिए बमोजिम गरी पर्छ्यौट गराइनेछः–

बक्यौता फाँटमा रहेका मुद्दा धेरै भएकोहुनाले सो फाँटमा खटिने न्यायाधीशहरूले सर्वोच्च अदालतको नियम बमोजिम अरू काम गर्न पर्ने छैन ।

९. मूल नियमावलीको नियम नम्बरहरूमा सम्शोधनः– मूल नियमावलीको नियम १५७, १५८,१५९, १६०,१६१,र १६२, लाई क्रमशः १५८,१५९,१६०,१६१,१६२ र १६३ द्वारा जनाइएको छ ।

१० मूल नियमावलीमा अरू सम्शोधनः– मूल नियमावलीमा ठाउँ ठाउंमा "रिभ्यू" भन्ने शब्द उल्लेख भएका ठाउंहरूमा सो शब्दको सट्टा "दोहऱ्याउने" भन्ने शब्द राखिएको छ ।

६२१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. अघिको काम कारवाइको मान्यता:– यो नियमावली प्रारम्भ हुनुभन्दा अघिल्लो मितिसम्म सर्वोच्च अदालतबाट यो नियमावलीमा लेखिएको व्यवस्था बमोजिम गरिएको सबै काम कारवाइ यसै नियमावली बमोजिम गरिएको मानिनेछ ।

आज्ञाले–
हिरण्येश्वरमान,
का.म. रजिष्ट्रार
सर्वोच्च अदालत

गोरखापत्र छापाखानामा मुद्रित ।

६६० (३)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार